# ज.प्र.अ.सुरक्षा तालीम

## १. परिचय,

देशमा शान्ति सुव्यवस्था र अमन चयन कायम राख्न प्रहरीको मुलभुत दायित्व हो । सुरक्षाको कुनै पनि व्यक्ति, बस्तु, वा स्थानलाई यथास्थितीबाट बिग्रन वा क्षत्ति हुन नदिनु हो । अर्थात कुनै पनि मानिस, वा बस्तुलाई नाश हुनबाट जोगाउनुको भयरहित वातावरणको सिर्जना गर्नु हो । यस्तो संवेदनसिल दायित्व निर्वाह गर्नको लागि प्रहरीमा सुरक्षा सम्बन्धी ज्ञान, सिप र व्यवहारको खांचो टडकारो रुपमा देखिन्छ। सुरक्षा भन्ने कुरा कुनै पनि क्षेत्र बिषयमा मात्र सिमित नभएर एउटा व्यापक बिषय भएको हुंदा कुनै एउटा बिषय बस्तुको सुरक्षा सम्बन्धमा मात्र जानकारी दिएर अपर्याप्त हुने हुंदा जु.प्र.अ..हरुको लागि तयार गरिएको यस सुरक्षा सम्बन्धी पाठ्यकममा बिभिन्न पक्षँहरुलाई समावेश गरिएको छ । साथै सुरक्षँ सम्बन्धमा व्यापक र बिस्तृत ज्ञान दिनुका साथै प्रभावकारी पठन पाठनको लागि यस पाठ्यकममा सैद्धान्तिक तथा व्यवहारिक दुवै पक्षलाई समावेश गरिएको छ।

## २. उद्धेश्य

नेपाल प्रहरी सेवामा कार्यरत जु.प्र.अ.हरुलाई बिभिन्न सुरक्षा सम्बन्धी कार्यमा कमाण्डरको रुपमा खटि आ(आफ्नो दायित्व समय सापेक्ष प्रभावकारी रुपले बहन गर्न मानसिक तथा शारीरिक रुपले सक्षम तुल्याउनु यस तालिमको उद्धेश्य रहने छ ।

**३. प्रशिक्षणका बिषय बस्तुहरुः** उपरोक्त उद्धेश्य पूर्तिका लागि सुरक्षा सम्बन्धी आवश्यक पर्ने बिषय बस्तुहरु समावेश गरी प्रशिक्षण कार्यकमलाई २ भागमा बिभाजन गरिएको छ ।

### भाग १ सैद्धान्तिक तथा प्रयोगात्मक तर्फ :

सुरक्षा कार्यमा खटिंदा आवश्यक पर्ने सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र सिपको बिकास गर्ने उद्धेश्यले सैद्धान्तिक प्रशिक्षण तर्फ निम्न बिषयहरुमा प्रशिक्षण दिईने व्यवस्था गरिएको छ ।

- सुरक्षाको सैद्धान्तिक पक्ष
- बिशिष्ट व्यक्तिको सुरक्षा
- महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा
- कारागारको सुरक्षा
- बिमान स्थलको सुरक्षा
- सैद्धान्तिक सुरक्षा
- सम्बन्धीत ऐन नियम
- अन्य सुरक्षा व्यवस्था (जुलुस, मेलापर्व, आमसभा,दैवी प्रकोप, निर्वाचन आदि )
- बिष्फोटक पदार्थ सम्बन्धी जानकारी
- एस.एल.आर.
- Body Protection Drill
- Vehicle anti Ambush Drill
- Casualty Evacuation Drill

### भाग २ शारिरीक अभ्यास तर्फ

यस तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई शारीरिक रुपले सक्षम बनाउन तथा उनीहरुमा सहन शक्ति, आत्मरक्षाको कला बिकास गराउने उद्धेश्यले यस तालिम कार्यकममा शारिरीक अभ्यास समेतको व्यवस्था गरिएको छ । यस प्रशिक्षणमा निम्न क्षेत्रहरुमा प्रशिक्षण दिईने व्यवस्था गरिएको छ ।

(क) परिमार्जित कवाज
(ख) शारीरिक व्यायाम(वाधापार,पि.टी.टेबुलको काम, इण्डोरेन्स आदि )
(ग) खाली हात लडाई / खेलकूद
(ड) एस.एल.आर.
(च) मस्केटी / चांदमारी

## ५. प्रशिक्षार्थी

यस तालिममा प्रहरी सेवाका प्र.ना.नि./प्र.स.नि. दर्जाका कर्मचारीलाई सहभागीको रुपमा समावेश गराईनेछ ।

## ६. बिषय अनुसार अंक बिभाजन

| | |
|---|---|
| (क)सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण तर्फ | १०० |
| (ख)शारिरीक अभ्यासको प्रशिक्षण तर्फ | ५० |
| (ग)चांदमारी तर्फ | ५० |
| (घ) समादेशक मूल्याङ्कन तर्फ......... | ३० |
| जम्मा पूर्णाङ्क: | २३० |

## ७. प्रशिक्षण बिधि

- प्रवचन
- छलफल
- श्रव्य दृश्य प्रदर्शन
- नमुना प्रदर्शन
- फिल्ड भिजिट
- व्यवहारिक अभ्यास
- केस स्टडी
- रोल प्ले
- व्यवहारिक अध्ययन भ्रमण

## ८. मुल्याङ्कन तथा श्रेणी विभाजन :-

यस प्रशिक्षण कार्यकममा चरणगत र अन्तिम परीक्षाको आधारमा २३० पूणांङ्कमा अन्तिम मूल्याङ्कन गरिनेछ। प्रत्येक बिषयमा उतिर्णाङ्क ४५ अंक र कुल प्राप्ताङ्कमा ५० अंक प्राप्त गरेमा मात्र प्रशिक्षार्थीहरुलाई उत्तिर्ण मानिनेछ।

| श्रेणी | प्राप्ताङ्क प्रतिशत |
|---|---|
| "क" | ७५% वा सो भन्दा माथी |
| "ख" | ६०% देखि ७४.९ %सम्म |
| "ग" | ५०% देखि ५९.९ % सम्म |

## ९ पोशाक

**प्रशिक्षण अवधिमा प्रशिक्षार्थीहरुले बिभिन्न अवस्थामा निम्न पोशाक प्रयोग गर्नु पर्नेछ।**

| | |
|---|---|
| (क) शारिरीक व्यायाम : | बुट, चुस्ता, वेभ वेल्ट, निलो मोजा, |
| (ख) कवाज : | बुट, चुस्ता, वेभ वेल्ट, निलो मोजा, फटिक क्याप |
| (ग) खाली हात लडाई: | सेतो टिसर्ट, सेतो कट्टु, पि.टी. जुत्ता र निलो मोजा |
| (घ) खेलकुद | सेतो टिसर्ट, सेतो कट्टु, पि.टी जुत्ता ,निलो मोजा |
| (ङ) निरीक्षण कवाज : | मौसम अनुसारको वर्किङ ड्रेस |
| (च) सैद्धान्तिक कक्षा : | मौसम अनुसारको वर्किङ ड्रेस |
| (छ) रोलकल ड्रेस : | सर्ट, पाईन्ट, जुत्ता, मोजा, टोपी र बेल्ट |
| (ज) आउट ड्रेस : | सर्ट, पाईन्ट, जुत्ता मोजा बेल्ट र टोपी |